लेखापरीक्षण प्रतिवेदन

सुनछहरी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सुनछहरी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/591

श्रीमान् अध्यक्षज्यू,
सुनछहरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/591

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू,
सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस सुनछहरी गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ५ करोड १७ लाख ३८ हजारको लेखापरीक्षणबाट रु. ८८ लाख ७३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २३ लाख ३७ संपरीक्षणबाट फर्स्यौट भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ लाख ४३ हजार र नियमित गर्नुपर्ने रु. ६० लाख ९४ हजार गरी जम्मा रु. ६५ लाख ३६ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ९ करोड ७७ लाख ७२ मध्ये रु. १ लाख १६ हजार संपरीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु. १० करोड ४१ लाख ९३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सुनछहरी गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी

स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सुनछहरी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६६	३१	८८,७३,३१४	०	२४	२३,३६,५०५	०	६६	७	६५,३६,८०९	०	६०,९३,८४९	४,४२,९६०	०	०	६५,३६,८०९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	९,७७,७२,२८६	०	१,१६,१०१	९,७६,५६,१८५	०	६५,३६,८०९	१०,४१,९२,९९४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	४०	संघीय संचित कोषमा फिर्ताः	६५,२०८
२	२०८१/८२	३०	वडा समितिको बैठक भत्ताः	४१,०५५
३	२०८१/८२	३१	राजस्वको ढिला दाखिलाः	१,२५,००७
४	२०८१/८२	४१	बढी निकासाः	३९,८८९

५	२०८१/८२	५९	पेश्की बाँकीः	७,६६,०६२
६	२०८१/८२	४३	जिन्सी आम्दानी नबाधेकोः	६,४९,२९८
७	२०८१/८२	३८	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः	६,४९,९८६
जम्मा				**२३,३६,५०५**
गत वर्ष सम्मको सम्परीक्षण				
८	२०८०/८१	४१	सुविधा भुक्तानी	४७,५२०
९	२०८०/८१	४७	बढी भुक्तानी	५८,१८६
१०	२०८०/८१	४०	ऐन विपरितको सुविधा	१०,३९५
जम्मा				**१,१६,१०१**
कुल जम्मा				**२४,५२,६०६**

सुनछहरी गाउँपालिका, रोल्पा

(८०५५४५०८३००)

सुन्छहरी गाउँपालिका , रोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७वटा वडा, २७७.६२वर्ग किलोमिटर क्षेत्रफल तथा १९०५४ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०५ देखि २०८२।०५।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब ५ करोड १७ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ एकिकृत वित्तिय विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		३४४५१९९३.२४	**चालु खर्च**		२४४१३५८८४.६४
१.संचित कोष	२४३०००००		१. पालिका तर्फ	११५०६१६३८.७६	
२.धरौटी	५१४९५०९.५१		२. संघीय सशर्त	१२४६६१८८७.८८	
३. स्थानिय तह विविध कोष खाता	२३५६९६८		३. प्रदेश सशर्त	२९१२३९४	
४. विविध खर्च खाता	१४७९७६९.४०		४. प्रदेश विशेष	१४९९९६४	
५. स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता	११६५७४६.३३		**पुँजीगत खर्च**		११४२१६२६१
यस वर्षको आय			१. पालिका तर्फ	५००६३०८१	
१.आन्तरिक आय		६४१२६१३.७४	२. संघीय सशर्त	३१४९१६७५	
२. वित्तीय हस्तान्तरण (संघ)		३५११०५४९६.५३	३. संघीय विशेष	११४७२०५७	
क) समानीकरण अनुदान	६७५३५३६०		४. संघीय समपुरक	६७५८४९८	
ख) राजस्व बाँडफाँट	८१९४५६५०.४१		५. प्रदेश सशर्त	७६८७६४४	
ग) सशर्त अनुदान	१८१३८८२५०		६. प्रदेश समपुरक	६७४३३०६	
घ) समपुरक अनुदान	७५०००००		**४. अन्तर सरकारी अख्तियारी (संघ)**		१३६४३२५५२.६८
ङ) विशेष अनुदान	१२००००००		क) सामाजिक सुरक्षा	९४६९७८०९.६८	
च) रोयल्टी	७३६२३६.१२		ख) स्थानिय पूर्वाधार विकासकार्यक्रम	१४६५१९८६	
छ) अन्य			ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३२००००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२९५७१७९६.९७	घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२६७६२७५७	
क) समानीकरण अनुदान	४५४६०००		**५. अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
ख) राजस्व बाँडफाँट	६१४७२८८.९७		**ऋण फिर्ता(साँवा)**		
ग) सशर्त अनुदान	१०६३४६११		**ऋणको ब्याज भुक्तानी**		
घ) समपुरक अनुदान	६७४३८९७		**धरौटी फिर्ता तथा सदर स्याहा**		९१९०६८.४१
ङ) विशेष अनुदान	१५०००००		**कार्यसञ्चालन कोषबाट भएको खर्च**		९२०४१६
४. अन्तर सरकारी अख्तियारी (संघ)		१३६४३२५५२.६८			
क) सामाजिक सुरक्षा	९४६९७८०९.६८		**अन्य सहयोगमा सञ्चालित योजना**		
ख) स्थानिय पूर्वाधार विकासकार्यक्रम	१४६५१९८६		**अन्य खर्च भएमा**		
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३२००००		**अनुदान फिर्ता**		२६५०४१३५.१२
घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२६७६२७५७		१. संघ तर्फ		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			क) सशर्त अनुदान	२५२३४६८७.१२	
६. धरौटी आय		३७३१४१०	ख) विशेष अनुदान	५२७९४३	
७. कार्यसञ्चालन कोष आय		१३२०४१६	ग) समपुरक अनुदान	७४१५०२	
			२. प्रदेश तर्फ		३५२००
			क) सशर्त अनुदान	३४५७३	
			ख) विशेष अनुदान	३६	
			ग) समपुरक अनुदान	५९१	
			अन्तिम मौज्दात		**३९८६२७६१.३१**
			१. संचित कोषको मौज्दात	२६५३१०७३.०७	
			२. धरौटी	७९२९२०४.५१	
			३. विविध खर्च खाता	१४७९७६९.४०	
			४.स्थानिय तह विविध कोष खाता	२३५६९६८	
			५. स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता	१५६५७४६.३३	

जम्मा		५६३०२६२७९.१६	जम्मा		५६३०२६२७९.१६

पालिकाले उपलब्ध गराए अनुसार सुत्र प्रणालीले गत वर्षको मौज्दात रु. २९५१३२४५।१० देखाएकोमा एकिकृत आर्थिक विवरण अनुसार रु. ३४४५१९९३।२४ देखाएको छ। सुत्र प्रणाली र एकिकृत आर्थिक विवरण बिचमा मौज्दात रु. ४९३८७४८।१४ फरक देखिएकोले पालिकाले सो को यकिन गरी समष्टिगत आर्थिक कारोबारको यथार्थ चित्रण गर्ने व्यवस्था मिलाउनु पर्दछ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९४६९७८०९।-स्थानिय तह पुर्वाधार सहयोग कार्यक्रमको रु. १४६५१९८६।–र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम को रु ३२०००० ।- र एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु. २६७६२७५७।- समेत गरी रु. १३६४३२५५२ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **बजेट पेश पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।७ मा रु.४२ करोड ४६ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२८ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

विवरण	मिति	कूल बजेट	रकम
बजेट पेश	२०८१।३।७	आय अनुमोदन	४२४६०८०००
बजेट स्वीकृत	२०८१।३।२८	व्यय अनुमान	४२४६०८०००
प्रमुख प्रशासनिक अधिकृतलाई अख्तियारी	२०८१।३।३१	व्यय मध्ये अवण्डा	०

५ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **लक्ष्य प्रगतीः**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पलिकालेले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल योजना	वार्षिक प्रगति स्थिति				
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५ भन्दा माथि
कार्यक्रम संख्या	१००	५	७	५	३	८०

शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा लागत अनुमान यथार्थपरक नहुनु,योजना छनोट आवश्यक्ताका आधारमा नहुनु, समयमा खरिद योजना तयार नहुनु, पुर्व तयारि विना आयोजना कार्यान्वियनमा लैजानु ,निर्माण व्यावसायीबाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण देखाईएतापनि कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७ **योजनाको प्राथमिकिकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १०१ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**५लाख देखि २० लाखसम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१	पालिकास्तरीय	५२	१५	३२	५
२	वडा स्तरीय	४८	०	१	४७

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९६ योजनामात्र कार्यान्वियन भई ५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिनछ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	४०३०९	३६१८८	८९.७८
२	पूर्वाधार विकास	१०३२९०	८७५१२	८४.७२
३	सामाजिक विकास	१५४५२९	१३०४१०	८४.३९
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१९९१२	१७७२७	८९.०३
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	९९०६८	७९७५५	८०.५१
जम्मा		**४१७१०८**	**३५१५९३**	**८४.२९**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको क्षेत्रगत बजेट मध्ये आर्थिक क्षेत्रमा सबैभन्दा बढी ८९.७८ प्रतिशत र कार्यालय संचालनमा सबै भन्दा घटी ८०.५१ प्रतिशत खर्च रहेको पाईएता पनि कुल बजेटको तुलनामा आर्थिक विकासमा ९.६ प्रतिशत मात्र

बजेट बिनियोजन गरेको पाईयो तसर्थ पालिकाले प्रभावकारी रुपमा बजेटको बिनियोजन गरि परिचालन गर्दै पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ ।

९ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर समेत अनुमानित रु. ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु ६४ लाख १२ हजार अर्थात अनुमान भन्दा १९ प्रतिशत बढी आय प्राप्त गरेको छ ।यस आ.ब .मा राजस्व अनुमानको तुलनामा प्राप्ति बढी देखिएता पनि खर्चको तुलनमा आम्दानी अत्यन्त कम देखिएकोले अन्य स्रोतको समेतको पहिचान गरी आय आर्जन बृद्धि गर्दै जाने तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

१० **आन्तरीक आय तुलनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

आ.व.	**केन्द्रियअनुदानबाट खर्च**	**आन्तरिक आय**	**आन्तरिक आयकोतुलनात्मक प्रतिशत**
२०७९।८०	२४३३२१	५५५८	२.२८
२०८०।८१	२११९५२	५१७४	२.४
२०८१।८२	२६३६४४	६४१२	२.३२

११ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ६४ लाख १२ हजार, राजस्व बाँडफाँट र अनुदानबाट रु.३७ करोड ९९ लाख ४१ हजार समेत रु ३८ करोड ६३ लाख ५३ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२३ करोड १२ लाख ४६ हजार र पुँजीगत तर्फ रु.१० करोड ७९ लाख ८५ हजार समेत रु. ३३ करोड ९२ लाख ३१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७५ लाख ५८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ११७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६०.८६ प्रतिशत चालु र ३९.१३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **राजश्व असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आ.ब २०८१/०८२ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ५९ लाख ८६ हजार अर्थात अनुमान को तुलनामा १९ प्रतिशत बढी आय प्राप्त गरेको छ । त्यस्तै आ.ब २०७९/०८० मा ५५ लाख ५८ हजार र २०८०/०८१ मा रु.५१ लाख ७४ हजार आन्तरिक आय प्राप्त भएको पाईयो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

क्र.सं.	राजस्व शीर्षक	२०८०/०८१को प्राप्ती	२०८१/०८२को प्राप्ती
		रकम	रकम
१	सम्पती कर	१,७८,६८०.१६	२,३८,२९०.४५
२	भुमिकर/मालपोत	१५,२७,८६२.२५	१८,९०,६३१.००
३	वहाल कर	१,७८,६४४.००	३,७४,५४१.००
४	व्यवसायलेभुक्तानी गर्ने	३,३२,५२५.००	५,२००.००
५	व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने	५००.	१,७८,१२५.००
६	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	३१,१५२.००	३,५००.००
७	अन्य कर	२,७३,५१६.४८	६२,१६९.००
८	सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	४३,९००.००	१५,०००.००
९	विद्युतसेवा शुल्क	४२,३६५.९३	४,५००.००
१०	अन्य सेवाशुल्क तथा बिक्री	२,८५,०१५.००	२९,४०६.००
११	न्यायिकदस्तूर	१३,०५०.००	१,५६,५३०.००
१२	अन्यप्रशासनिक सेवा शुल्क	६२,७४६.००	९,०००.००
१३	सिफारिशदस्तुर	७,२६,६००.००	१,५००.००
१४	व्यक्तिगतघटना दर्ता दस्तुर	२,८४,७००.००	८६,९९२.००
१५	नाताप्रमाणित दस्तुर	२,०२,८००.००	१०,९३,१००.००
१६	अन्यदस्तुर	५,७०,८८०.५९	३,०८,५००.००
१७	विद्युतसम्बन्धी दस्तुर	७,८००.००	१,६८,९००.००
१८	जलस्रोतसम्बन्धी अन्य दस्तुर	५००.	६,६७,३७२.२९
१९	अन्यराजस्व	२९,६४०.००	३९,०००.००
२०	व्यवसाय कर	२,५९,६५०.००	६,५४,५७५.००
२१	बेरूजू	१,२१,८२२.००	४,२५,७८२.००
२२	बैंकमौज्दात	०	७,३६,२३६.१२
जम्मा		**५१,७४,३४९.४१**	**७१,४८,८४९.८६**

यस पालीकाले पछिल्ला बर्षहरूमा राजश्वमा बृद्धि भएको देखिएता पनि पालिकाले यस वर्ष विज्ञापन कर, पार्किङ्ग शुल्क,अखेटो पहार शुल्क, मनोरञ्जन शुल्क असूल हुने गरेको देखिएन।आन्तरिक आयको तुलनामा खर्च अधिक बढी देखिएको हुँदा राजश्वको क्षेत्र तथा दायरा थप फराकिलो र अनुमानयोग्य बनाउदै आय बिस्तार गर्नुपर्ने देखिन्छ ।

१३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाले यस वर्ष बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु. ४ लाख ५६ हजार खर्च गरेको छ।

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्ने ब्यवस्था भएता पनि आन्तरिक लेखापरीक्षकको पदपुर्ती नहुँदा आन्तरिक लेखापरिक्षण हुन सकेको छैन ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमनको औचित्य सहित प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१८ लाख ९८ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेता पनि भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

· आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १४ लाख ६२ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।तसर्थ पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गरि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४ त्रैमासिक खर्चः

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पुँजीगत खर्चको तुलनामा प्रथम त्रैमासिकमा ०.२ प्रतिशत र दोस्रो त्रैमासिकमा १.४ प्रतिशत, तेस्रो त्रैमासिकमा ३२.२ प्रतिशत र चौथो त्रैमासिकमा ६६.०६ प्रतिशत खर्च गरेको देखिन्छ।कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४२.२४ प्रतिशत खर्च गरेको छ । शिर्षकगत चौमासिक खर्च निम्नानुसार रहेको छ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च		त्रैमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथोत्रैमासिक	आषाढ महिना
१	पुँजीगत खर्चतर्फ	११४२१६	२७२	१६८४	३६७७६	७५४८२	४८२५०
२	प्रतिशत	८४.३९	०.२	१.४	३२.१९	६६.०६	४२.२४

यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१५ **कार्यक्रम कार्यान्वयनः**

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको उद्देश्य, रणनिति तथा कार्यनिति, उक्त कार्यक्रमको औचित्य, प्रभाव र कार्यान्वयन गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्दछ । पालिकाले स्वीकृत वार्षिक कार्यक्रमहरू तोकिएको समयमा कार्यान्वयन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण बमोजिम बजेटमा उल्लेख भएका २० कार्यक्रमहरुमा रु १ करोड बिनियोजन भएता पनि उक्त कार्यक्रमहरु कार्यान्वयन भएको पाईएन ।कार्यक्रम कार्यान्वयन नहुनुमा समयमा बजेट निकासा नभएको, कार्यक्रम तय नै त्रुटिपुर्ण हुनु,निर्माण ब्यावसायिको ढिलाई कारण पालिकाले जनाएको छ ।कार्यान्वयन नभएका कार्यक्रमहरु उदाहरणको रुपमा तल प्रस्तुत गरिएको छ । स्वीकृत कार्यक्रमहरु बजेटको परिधि भित्र रही समयमै कार्यान्वयन गर्नुपर्दछ।कार्यान्वियन नभएका कार्यक्रमहरुका केहि उदाहरणहरु-

क्र.सं.	कार्यन्वयन नभएका कार्यक्रम	वजेट	कैफियत
१	पाँच शैया अस्पताल निर्माण	६५०००००	
२	वास प्लान तथ्याङ्क अध्यावधिक	१०००००	
३	युवाहरुका लागि स्वरोजगार व्यावसायिक तालिम	२०००००	
४	गाउँ शिक्षा योजना निर्माण	१५००००	
५	रोजगार डेस्क स्थापना	५००००	
६	वास प्लान तथ्याङ्क अध्यावधिक	१०००००	
७	गिच्छे बासा मो.बा निर्माण	८०००००	
८	किविको विरुवा खरिद तथा बितरण	१०००००	
९	विद्यार्थि भर्ना अभियान कार्यक्रम	१०००००	
जम्मा		८१०००००	

१६ **आन्तरीक लेखापरिक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकामा रहेको आन्तरिक लेखापरिक्षकको दरबन्दी रिक्त रहेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ यथासक्य आन्तरिक लेखापरिक्षक नियुक्ति गरि कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम नियम ९४, ९५ , ९६ र ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु.१ करोड ४० लाख ८५ हजार मिति २०८१।१०।१४ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको

तुलनामा ३.४५ प्रतिशत हुन्छ।साथै रकमान्तर गरेको रकम मध्ये ५ योजनामा रु.१० लाख खर्च गरेको छैन।

१९ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ४ नियमावली, ४७ कार्यविधि ९ निर्देशिका / मापदण्ड गरि ८० वटा कानुन निर्माण गरि राजपत्रमा प्रकाशन गरेको अभिलेखबाट देखिएता पनि कुल ४ वटा कानुनहरु कार्यान्वयन नभएको पालिकाले जनाएको छ।भने १६ वटा नियमावली बनेका छैन्न । निर्मित कानुनहरु आवश्यक्ताको आधारमा कार्यान्वयन गर्दै जानुपर्दछ ।

सि.न.	**कानुन**	**संख्या**	**कार्यान्वयन नभएको**
१	ऐन	२०	१
२	नियमावलि	४	-
३	कार्यविधि	४७	३
	निर्देशिका/मापदण्ड	९	-
जम्मा		८०	४

२० **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष देहाय अनुसार ६ विवाद दर्ता भएकोमा २ फर्स्यौट भई ४ बाँकी रहेको ।

उजुरीको प्रकार	गत आ.ब र यो आ.व मा थप समेत	यो आ.व मा **फर्स्यौट**	फर्स्यौट बाँकी	फर्स्यौट नहुनाको कारण
औषधि उपचार	१	-	१	दुवै पक्ष उपस्थित नहुनु
आर्थिक लेनदेन	१	-	१	छलफल नहुनु
गालि बेईजति	२	१	१	उपस्थित नहुनु
जन्मदर्ता	२	१	१	उपस्थित नहुनु
जम्मा	६	२	४	

फर्स्यौट हुन बाँकि रहेका विवादमा दुवै पक्ष उपस्थित नहुनु,म्याद तामेलि ढिला हुनु, छलफल नहुनु,कानुनी सल्लाहाकारको अभाव, उपस्थित नहुनु ,मेलमिलाप केन्द्र नहुनु, सम्झौता नहुनु जस्ता कारण पालिकाले जनाएको छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ ।

२१ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन

निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२२ कर्मचारी व्यवस्थाः

२२.१ लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ १७ र पालिका तर्फ १९गरि जम्मा ३६जना कर्मचारीको रु. २ करोड ५० लाख ६१ हजार तलब खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी भए नभएको यकिन हुन सकेन तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२.२ कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.१ करोड १९लाख २८ हजार खर्च लेखेको छ ।

२२.३ पालिका करारः स्थानीय तहले माथि उल्लेखित पद वाहेकको पदमा स्वीकृत दरबन्दी बेगर १ जना नेत्र सहायक पदमा करार नियुक्ति गरी बर्षभरीमा रु.४ लाख ५१ हजार भुक्तानी गरेको छ । दरवन्दि वाहेकको पदमा कर्मचारी राखि तलव भत्ता खर्च लेख्ने मिल्ने कानूनी आधार नदेखिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	४,५१,०००

२३ सेवा प्रवाहः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यावन्यनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ । पालिकाले यस वर्षको सेवा प्रवाहको विवरण निम्नानुसार उपलब्ध गराएको छ ।सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै जानुपर्दछ । पालिकाले आ.व. २०८१।८२ मा प्रवाह गरेको सेवाको विवरण निम्न छन् :

विवरण	दर्ता संख्या
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	७२०
मृत्युदर्ता	१९८
बसाईसराई दर्ता	१५३
विवाह दर्ता	२५६
सम्बन्धविच्छेद दर्ता	१७
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	४
कच्ची सडक निर्माण	३० कि मि
कच्ची सडक मर्मत	१२ कि मि

२४ **कार्य सञ्चालन कोष तथा अन्य कोषः**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो पालिकाले यो वर्ष स्थानिय तह प्रकोप ब्यवस्थापन कोष खाता,स्थानिय तह विविध कोष खाता,जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.३५ लाख २२ हजार सहित रु.४८ लाख ४२ हजार आय र रु.९ लाख २० हजार खर्च गरी रु.३९ लाख २२ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२५ **चालु खर्चतर्फः**

२५.१ खर्च वृद्धिः तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा समग्रमा गत आर्थिक वर्षहरुको तुलनामा यस आर्थिक वर्षमा प्रशासनिक खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले कर्मचारी संख्यामा भएको बृद्दि,बैठहरुमा बृद्दि लगायतका कारणले वृद्धि भएको जानकारी दिएको छ। यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

सि.नं.	खर्चशिर्षक	२०७९।८० को खर्च रु.	२०८०।८१ को खर्च रु.	२०८१।०८२	वृद्धिको/घटिको कारण
१	करारका कर्मचारीको खर्च	८६४३	९८६८	११९२८	कर्मचारी संख्यामा बृद्धि
२	वैंठक भत्ता	११८६	६६९	४५६	कार्यक्रमहरुमा कटौति
३	विविध	१६७७	१९२३	१४६२	बैठक/अतिथि आगमनमा कमि
४	इन्धन	१६२०	१८४२	२११०	सवारी साधनमा बृद्धि
५	मसलन्द	१६३५	२००९	१९७२	खर्च कटौति
	जम्मा	१४७६१	१६३११	१७९२८	

२५.२ इन्धन खर्चः सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धनमा यस वर्ष मापदण्ड तयार नगरी ईन्धनमा रु.२१ लाख खर्च गरेको छ ।यस्ता खर्च नियन्त्रण गर्नु पर्दछ ।

सि.नं.	सवारी साधन	संख्या	ईन्धन लि	खर्च
१	पिक अप भ्यान	१	३०००	५३७०००
२	मोटरसाईकल	२२	५५००	८८००००
३	एम्बुलेन्स	१	३२००	५४०८००
४	स्कुटर	१	२४०	३८४००
५	अन्य सवारी	१	६४८	१०३८००
जम्मा			१२५८८	२१०००००

२५.३ विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्ष विविध, अतिथि सत्कार तथा सभा संचालन तर्फ निम्नानुसार खर्च गरेको छ। आन्तरिक आय रु ६४ लाख १२ हजार रहेकोमा उक्त विविध खर्च १८ लाख ५८ हजार आन्तरिक आयको तुलनामा २८.९७ प्रतिशत हुन आउँछ । यस्तो खर्च नियन्त्रण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

क्र.स	खर्च शिर्षक	खर्च रु
१	पालिका तर्फ विविध खर्च	१४६२०००
२	सभा संचालन खर्च	३९६०००
	जम्मा	१८५८०००

२६ **यन्त्र उपकरण सञ्चालनः**

एम्बुलेन्स सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। उपकरण संचालनको आय विष्लेषण समेत गरेको पाइएन । यसरी सञ्चालन हुँदा एम्बुलेन्स सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।प्रभावकारी र व्यवस्थित रुपमा संचालन नहुंदा उक्त एम्बुलेन्स संचालन बाट रु.९ लाख ७३

हजार घाटा देखिन्छ । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	घाटा
१	एमबुलेन्स	८०००००	३५८९५६	३०००००	४८४९६०	९७३०००

२७ **सामाजिक सुरक्षाः**

२७.१ पालिकाले यस बर्ष सामाजिक सुरक्षा शीर्षकमा रु. ९ करोड ४६ लाख ९७ हजार निकासा दिएकोमा लाभग्राहीलाई वितरण गरी रु. १५२५६३ हजार फिर्ता गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो।

२७.२ सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका व्यहोरामा सुधार हुनुपर्दछ।

२८ **प्रोत्साहन भत्ताः**

सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महंगी भत्ता र स्थानीय भत्ता वाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे वापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ।पालिकाले कार्यपालिकाबाट निर्णय गराई अतिरिक्त कार्य गरे बापत ५ जना कर्मचारीहरुलाई गाउँसभामा अतिरिक्त समय कार्य गरेबापत डेढ महिना तलब बराबरको प्रोत्साहन भत्ता रु.२ लाख ५६ हजार उपलब्ध गराएको छ। अतिरिक्त कार्य गरेको वस्तुगत सूचक र मापदण्ड तयार गरेर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्दछ ।

२९ **फिल्ड भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै कार्यको लागि अनावश्यक रुपमा दोहोरो खर्च भए नभएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ जना इन्जिनियर र ७ जना सहायक प्राविधिकलाई शुरु तलब स्केलको ४० प्रतिशतका दरले वार्षिक रुपमा रु.१३ लाख ४० हजार भुक्तानी भएको छ ।पालिकाले आगामी दिनमा दोहोरो सुविधा नपर्ने गरी कार्य सम्पादनका आधारमा प्रोत्साहन भत्ता वितरण गरी यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

३० **वडा समितिको बैठक भत्ताः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **४,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **राजस्वको ढिला दाखिलाः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३०,६६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **८,५६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३७,६०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **४६,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **१,११६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **८५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी तपसिल बमोजिम सामग्री खरिद गरी वितरण गरेको छ ।विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका

लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्

गो भौ।मिति	कार्यक्रमको नाम	वितरण	रकम
२४७-।२०८१।१०।२३	जनजाती संरक्षण कार्यक्रम	मारुनी सारङ्गे पञ्चेबाजा नाच वडा ५मा	५००००
४५२-।२०८१।१२।२१	शहिद परिवार सम्मान कार्यक्रम	ब्लाङ्केट दोसल्ला २३ थान क्रमश	९९९३१
४१९-।२०८१।१२।१४	सांस्कृतिक संरक्षण व्यवस्थापन कार्यक्रम	झाक्री नाच पञ्चे बाजा सिगारु नाच	५००००
३६५-।२०८१।११।२१	शहिद घाइते र बेपत्ता परिवार सम्मान कार्यक्रम	ढाका सल तथा नगद सम्मान	९९२००
२१।२०८२।०३।२८	थकाली खाना तथा होमस्टे प्रवर्द्धन तालिम सञ्चालन	फोल्डिङ बेड १९ थान तथा टि टेबल १९ थान वितरण	४५००००

३३ निशुल्क उज्यालो कार्यक्रमः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ।पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा पालिकाको ५ नम्वर वडाका ६०९ नागरिकलाई प्रति घर लाग्ने रकम रु. ३९० गरी रु. २३७५१०।- खर्च गरेको छ।लक्षित वर्ग कार्यक्रम अन्तर्गत घरायसी प्रयोजनमा प्रयोग हुने सामग्री तथा नागरिकहरुको विद्युत महशुल भुक्तानी गर्ने जस्ता कार्य ऐन नियम अनुसार नदेखिएकोले यस प्रकारको कार्यक्रम नियमसम्मत देखिएन। पालिकाको आन्तरीक आम्दानी पर्याप्त नदेखिएकोले यस्तो प्रकारको कल्याणकारी कार्यक्रममा नियन्त्रण हुनु पर्दछ।

३४ समानीकरण तथा राजश्व बाडँफाटबाट शिक्षकको तलव :

अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता संघीय सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त लिइ संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एंव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान नगरी ३३ विद्यालयमा विभिन्न तहका ३७ जना स्वयंमसेवक शिक्षक नियुक्त गरी रु १०३२८९८७।खर्च लेखेको छ।शिक्षकको संघीय शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा गाउँपालिकाको वित्तीय समानीकरण र राजश्व बाँडफाँट प्राप्त अनुदान रकमबाट स्वयम सेवक शिक्षक नियुक्त गरी तलब भत्ता खर्च लेख्ने कार्यमा न्युनीकरण गर्दै खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ शिक्षक- विद्यार्थ अनुपात:

३५.१ शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ। यस सम्बन्धमा गरेका ब्यहोरा निम्नानुसार रहेका छन:-

३५.२ पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी रु १२३५००० तलव भत्ता भुक्तानी भएको छ।अत: अनुपात मिल्ने गरि शिक्षक नियुक्ति गर्नुपर्ने देखिन्छ।

क्र सं	विद्यालयको तह	विद्यालय	कुल विद्यार्थी संख्या	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी	वढी	वढी
					अनुपात	शिक्षक संख्या	शिक्षकको तलब
प्रा वि तर्फ							
	१	बालशिक्षा आ. वि.	१५	२ मध्ये १ गापा	८	१ गापा	२४७०००
	२	जनकल्याण आ. वि.	४४	३ मध्ये १ गापा	१५	१ गापा	२४७०००
	३	जनतासुधार प्रा. वि. फगाम	५१	४ मध्ये १ गापा	१३	१ गापा	२४७०००
	४	लक्ष्मी आ. वि. धनवङ	३०	३ मध्ये १ गापा	१०	१ गापा	२४७०००
	५	नवचेतना प्रा. वि.मावाङ	४३	२ गापा	२२	१ गापा	२४७०००
जम्मा							**१२३५०००**

३५.३ पालिका अन्तर्गतका ३३ वटा सामुदायिक विद्यायलमा शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा प्रा.वि. तर्फ सबैभन्दा बढी अनुपात जनआवाज आ०वि०मा १:७६ अर्थात शिक्षक संख्या १ विद्यार्थी संख्या ७६ छ र सबैभन्दा कम अनुपात वालशिक्षा आ०वि मा १:८ अर्थात शिक्षक संख्या २ र विद्यार्थी संख्या १५ रहेको छ , नि.मा. वि. तर्फ सबैभन्दा बढी अनुपात महलधारा मा०वि०मा १:१२९ अर्थात शिक्षक संख्या १ र विद्यार्थी संख्या १२९ रहेको छ र सबैभन्दा कम अनुपात जनसेवा मा वि मा १:२२ अर्थात शिक्षक संख्या ३ र विद्यार्थी संख्या ६६ रहेको छ र मा. वि. तर्फ सबैभन्दा बढी अनुपात रोल्वालिङ मा.वि.मा १:१८ अर्थात शिक्षक संख्या ४ र विद्यार्थी संख्या ७२ रहेको छ र सबैभन्दा कम अनुपात जनता मा. वि.मा १:९ अर्थात शिक्षक संख्या ४ र विद्यार्थी संख्या ३७ रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

३६ **दिवा खाजाः**

३६.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.७ क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा दिवा खाजाको मापदण्ड तोकिएको छ। विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १६६ दिनको ३०८० विद्यार्थीको लागि रु.७६ लाख ८९ हजार ६९० अनुदान ३३ विद्यालयहरुलाई उपलब्ध गराएको छ।

३६.२ दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्नेमा सो नगरी हाजिरीमा लेखा प्रमुख र प्रधानाध्यापकबाट प्रमाणित भएको छ। , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन। स्थानिय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षित रुपमा राख्ने र खर्च विद्धालय

व्यवस्थापन समितिबाट वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गरेको छैन। विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड अनुसार गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वयन गर्नु पर्दछ। स्थानीय निकायले खाजा व्यवस्थापनको अनुगमन गरेको पाइएन। अनुगमन गरी गुणस्तर सुनिश्चित गर्नु पर्दछ।

३७ **निःशुल्क पाठ्यपुस्तकः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियकलाप नं. २.४.६.२ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष पाठ्यपुस्तक (ऐच्छिक विषय समेत) रु. २५५४७१८।– र स्थानिय मातृभाषाको पाठ्यपुस्तक छपाई रु.९९७१६८ समेत गरी जम्मा रु.३५५१८८६ पाठ्यपुस्तक अनुदान ३३ वटा विद्यालयमा उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

- पालिकाले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको ,अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई अनुगमन गरेको पाइएन। अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।
- पालिकाले आर्थिक वर्ष भित्र विभिन्न चरणमा कक्षा १ देखि १२ मा निशुल्क पाठ्यपुस्तकका लागि निकासा दिएको विद्यार्थी संख्या र अनुदानको एकिकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने कार्य गरेको छैन।

३८ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **६४९,९८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **वार्षिक तथा अर्ध वार्षिक परीक्षा संचालनः**

पालिकाको स्वीकृत कार्यक्रम अनुसार सामुदायिक विद्यालयको अर्धवार्षिक तथा वार्षिक परीक्षा संचालनको लागि रेग वहादुर पुनले रु. ९००००० पेश्की लिई गो.भौ.न. ३।०८१।८।११ बाट पेश्की फस्यौट गरी रु. ९७११५८।खर्च लेखेको छ ।सामुदायिक विद्यालयको परिक्षा संचालन गर्दा परीक्षा संचालन सम्वन्धी कार्यविधि तथा मापदण्ड स्वीकृती गरी सोहि कार्यविधि अनुसार खर्च गर्नुपर्दछ । पालिकाले परीक्षा संचालन सम्वन्धी कार्यविधि वेगर कक्षा ५ र कक्षा ८ को उत्तरपुस्तिका चेक गरे वापत क्रमस: रु २० र रु २४ का दरले खर्च लेखेको छ भने अन्य वैठक भत्ता, कोडिङ डिकोडिङ, खाना, खजा, प्रश्नपत्र तयारी ,तालिम लगायतमा खर्च गरेकोले खर्चमा मितव्ययी तथा एक रुपता ल्याउन कार्यविधि तथा मापदण्ड स्वीकृत गरेर मात्र खर्च गर्नुपर्दछ ।

४० **संघीय संचित कोषमा फिर्ताः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **६५,२०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **बढी निकासाः**

४१.१

४१.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **१४,२१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **२५,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **योगदानमा आधारित कोषः**

शिक्षा ऐन तथा नियमावलीमा योगदानमा आधारित अवकास योगदान सम्बन्धि कुनै कानुनी व्यवस्था देखिदैन। पालिकाले प्रथम,दोस्रो र तेस्रो त्रैमासिक तलबभत्ता निकासा दिदा २०७६ देखि नियुक्ती भएका ३३ जना शिक्षकहरुको तलवमा अवकास योगदान बापत मासिक तलबको ६ प्रतिशत थप गरेर अवकास कोषमा जम्मा गर्ने प्रयोजनको लागि रु .१ लाख ९७ हजार १६३ थप गरेर विद्धयालयमा निकासा गरेको छ। तसर्थ अवकास कोषको योगदान थप गर्ने आधार प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९७,१६३

४३ **जिन्सी आम्दानी नबाधेकोः**

४३.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ दफा २८ को उपदफा १ मा जिम्वेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान ७ दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। विद्यालयहरुले निम्न अनुसार खरिद गरेका जिन्सी मालसामानहरु जिन्सी आम्दानी बाधेका छैनन्।

४३.२ उत्कृष्ट विद्यालय व्यवस्थापन अनुदानः

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **२९३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४३.३ जिन्सी आम्दानी नबाँधेकोः

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **३५५,४९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४४ **न्यानो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष २५० थानको रु. २ लाख २३ हजार र यस वर्ष २०० थान को रु१ लाख ७८ हजार खरिद गरेकोमा गत वर्ष २०६ जना र यस वर्ष२०० जना गरी ४०६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ ।पालिकाको भण्डारमा

४४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४५ **सेनिटरी प्याडः**

४५.१ पालिकाले यस वर्ष १२६४१ प्याकेट सेनिटरी प्याड गौ.भौ. नं. ११०।२०८१।१०।२३ बाट रु. ९ लाख ९० हजारमा खरिद गरेको छ। यस सम्बन्धमा देखिएका वेहोरा निम्न छन् :

४५.२ सार्वजनिक खरिद नियमावली २०६४ को दफा नियम ११ उपनियम २ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकायमा रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत , स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर रेट आदीका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो अनुसार लागत अनुमान तयार नगरी तिन सप्लायर्सबाट दर लिएर श्री अरविन जनरल सप्लायर्सबाट २४० mm ८ pcs प्रति प्याकेट मु.अ.कर समेत रु. ७८.३२ प्रति प्याकेटको दरले रु. ९ लाख ९० हजारमा खरिद गरेको छ। यसरी नियमले तोकेको प्रक्रिया अनुसार लागत अनुमान तयार नगरी मनोमानी आधारमा खरीद गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,९०,०००

४५.३ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले खरिद गरेका १२६४१ प्याकेट ११ विद्यालयहरुलाई एकै पटक मिति २०८१।१०।२० मा हस्तान्तरण गरी बुझाएको छ। खरिद गरिएका प्याडहरु विद्यालयमा एकैपटक धेरै प्याकेट हस्तान्तरण गर्दा विद्यालयले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी हस्तान्तरण गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तर ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले सेनेटरी प्याडको वितरण अवस्थाको अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

४६ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत १०० दिनले जम्मा ७५०० दिन रोजगारी उपलव्ध गराई रु. ५०१०००० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

वडा	कार्यक्रम/योजना संचालन	ज्याला खर्च रकम	तलबमा खर्च भएको रकम	कुल खर्च रकम
७	१२	५०१००००	१४०१५२०	६४११५२०

४७ **कृषि अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकबाट बिभिन्न ५ वटा कार्यक्रमक लागि रु ३६७२३७९ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यसरी वितरण भएको अनुदान प्राप्त गर्ने लाभग्राहीको नाम ठेगाना सहित वेवसाइटमा सार्वजनिक गर्नु पर्दछ र अनुदान उपयोग तथा प्राप्त प्रतिफलको बारेमा अनुगमन गरी अनुदानको प्रोफाइल तयार गर्नुपर्दछ।

क्र.सं	**अनुदान दिएको संस्थाको नाम र ठेगाना**	**अनुदान विषय**	**सम्झौता रकम रु.**	**जम्मा भुक्तानी रु.**
१	समृदि कृषि तथा पशुपन्क्षीं फर्म सुनछहरी ५ चिर्कबाङ	फलफूल प्रर्वर्द्धन	५३६,११०	२६५,३७६
२	झरणा बहुउदेश्य कृषक समुह सुनछहरी ७ रुलबाङ	मकै प्रर्वर्द्धन	१२३५,८३७	६८५,०००
३	अनुष फलफूल तथा नर्सरी फर्म सुनछहरी ५ माबाङ	फलफूल प्रर्वर्द्धन	२६०,०००	१२६,७२५
४	गेमी कृषि तथा पशुपक्षीं फर्म सुनछहरी ७ मिझाखोर	फलफूल प्रर्वर्द्धन	२१९,५१०	१०९,३५५
५	कृषि तथा पशुपन्क्षी विकास समुह सुनछहरी ७ जेलबाङ	तरकारी प्रर्वर्दन	२५,२७५३१	२४८५,९२३
जम्मा				**३६७२३७९**

४८ **प्रविधि हस्तान्तरणः**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार रु.१२२८९८६ बराबरको प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. २४५७९७ स्थानीय सञ्चित कोषमा असुल हुन बाँकी देखिन्छ। निर्देशिका अनुसार गाउँपालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

क्र.स.	**विवरणहरु**	**प्रविधिको नाम**	**संख्या**	**बजेट**
१	५ जना समुहमा प्रविधि हस्तान्तरण (मेड्पा कार्यक्रम)	हाते ट्याक्टर मिनी टिलर खरिद	६	१३१३००
२	बल्ला बुनाई तालिमको लागि आवश्यक पर्ने मेशिन खरिद	तान सेट	१०	२२००००
३	मौरी सहितको घार वितरण कार्यक्रम (मेड्पा कार्यक्रम)	मौरी सहितको घार खरिद वितरण	२०	२०००००
जम्मा रु.			**३६**	**५५१३००**
१	कृषि औजार प्रबर्द्धनको लागि आरन तालिम (प्रदेश विशेष अनुदान)	आरन सामाग्रीहरु	१०	१७५६८५.६५
२	थकाली खाना तथा होमस्टे प्रबर्द्धन तालिम (प्रदेश विशेष अनुदान)	फोल्डिङ्ग बेड र टि-टेबुल	१९	३२३०००
जम्मा रु.			**२९**	**४९८६८६**
१	माग तथा आवश्यक्ताको प्रविधि खरिद हस्तान्तरण कार्यक्रम (स्थानीय तह)	मिनी टिलर-हाते ट्याक्टर	२३	१७९०००
			२३	**१७९०००**
कुल जम्मा			८८	१२२८९८६

प्रमाण पेश नगरेको	२,४५,७९७

४९ **तालिम कार्यक्रमको अनुगमन नगरेकोः**

मेडपा संचालन निर्देशिका ,२०७७ को परिच्छेद १० को बुँदा नं. ५८ मा स्थानिय तहहले उपयुक्त सूचक निर्धारण गरी तालिम कार्यक्रमको प्रभावकारी अनुगमन तथा मुल्यांकन गर्नुपर्ने व्यवस्था छ। पालिकाले तपशिल अनुसार तालिम संचालन गरी रु.२५८०७१४ खर्च लेखेकोमा तालिम कार्यक्रमको अनुगमन गरी उद्यमिले व्यवसायी संचालन गरे नगरेको सम्बन्धमा प्रभाव मुल्यांकन गरेको पाइएन। अत: अनुगमन तथा मुल्यांकन हुनुपर्दछ।

क्र.स.	क्रियाकलापहरु	अवधी/दिन	प्रशिक्षार्थि संख्या	खर्च रु.
१	उद्यमशिलता विकास तालिम कार्यक्रम (मेड्पा नयाँ)	८	३०	१०१२००
२	मौरी पालन तालिम (मेड्पा नयाँ)	७	४०	१९५६००
३	वित्तीय साक्षरता र बस्तु बजारीकरण एंम व्यवसायिक परामर्श तालिम कार्यक्रम (मेड्पा नयाँ)	३	५७	११९६००
४	स्तरोन्नती बाख्रा पालन तालिम (मेड्पा स्तरोन्ती तर्फ)	५	२०	२४००००
५	थकाली उद्यमशिलता विकास तालिम कार्यक्रम(प्रदेश बिशेष अनुदान)	७	२०	१५००००
६	थकाली खाना तथा होमस्टे प्रबर्द्धन तालिम(प्रदेश बिशेष अनुदान)	७	१९	४५००००
७	हलुका सवारी चालक (ड्राइभिङ्ग) तालिम (प्रदेश बिशेष अनुदान)	३०	१४	५०००००
८	कृषि औजार प्रबर्द्धनको लागि आरन तालिम (प्रदेश बिशेष अनुदान)	३०	१०	१७४३१४
९	दिवा खाजा सम्बन्धि सीप विकास तालिम (सुनछहरी गाउँपालिका)	५	३३	३५००००
१०	परम्परागत सीप प्रबर्द्धनको लागि बल्ला बुनाई तालिम (सुनछहरी गाउँपालिका)	१०	१०	२०००००
११	उद्यमशिलता विकास तालिम कार्यक्रम (सुनछहरी गाउँपालिका)	३०	३०	१०००००
जम्मा रु.		**१४२**	**२८३**	**२५८०७१४**

५० **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

५०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१), (२) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने, कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने , सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने लगायत उल्लेख छ ।यस पालिकाले कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच तिन वर्षमा ३ करोड ५७ लाख १४ हजार कुल लागतको लागत साझेदारीमा मिति २०८२।०३।१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।१०।१६ मा सम्झौता भएको छ।कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु. २ करोड ५० लाख पालिकाले र बाँकी हुने रकम रु. ३० प्रतिशत रु. १ करोड ७ लाख १४ हजार हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई सम्झौता बमोजिम आ.व. २०८१।८२ मा रु. ८७९१३५३।- भुक्तानी दिएकोमा अन्य व्यहोरा निम्नानुसार रहेको छन्

५०.२

पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचना मार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय गैरसरकारी सस्थाबाट कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने, गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैँक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत गो.भौ.न. १२५, ३९३, ६५१ बाट कुल रु. ६० लाख पेश्की दिई पशु ढुवानी,घाँसको विउ,विरुवा,कृषि सामाग्रि खरिद तथा वितरण लगायतका कार्य गरि पेश्की फछर्यौट भएको छ। कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन । ऐनको व्यवस्था विपरित पेश्की दिनु उपयुक्त देखिदैन ।

५०.३ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०७९।०९।१६ मा तीन वर्षको लागि सम्झौता गरेकोमा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु. १९१९५५।- हेफरलाई तेश्रो किस्तामा उपलब्ध गराएको छ।कार्यक्रम कार्यान्वियन गर्ने गैरसरकारी संस्थाको कामको अनुगमन तथा मूल्याङकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वयं सोही संस्था वाट गराई खर्च लेख्न नमिल्नेमा अनियमित देखिएको

अनियमित भएको	१,९१,९५५

५०.४ पालिकाले कृषि तथा पशु शाखाबाट सम्पादन गर्नुपर्ने बाख्रा वितरण, खोर सुधार, मिनिटिलर खरिद, डिजिटल तराजु खरिद, पाईप खरिद, मसला पिस्ने मिल, चाप कटर, घाँस तथा फलफुलको विरुवा तथा बिउ वितरण, टनेल तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु संचालन गर्न कृषि तथा पशू प्राविधिक कार्यरत रहेको अवस्थामा उक्त कार्य हेफरवाट गराउनु उपयुक्त देखिएन।

५०.५ सम्झौताको वुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ।हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

५०.६ लागत साझेदारीमा यस वर्ष हेफर प्रोजेक्ट नेपाल मार्फत कृषि तथा पशु उद्यमशिलता विकासको लागि कृषकलाई अनुदान वितरण गरेको छ । गाउँपालिका अनुदानबाट हेफर प्रोजेक्ट नेपालमार्फत यस वर्ष वितरण गरेका मुख्य मुख्य केही अनुदान वितरणको विवरण देहाय अनुसार रहेको छ :

वितरण गर्ने संस्थाको नाम	अनुदानको विवरण	वितरणको परिमाण	खर्च रकम
हेफर प्रोजेक्ट नेपाल मार्फत	बाख्रा	१६० गोटा	१८६४०००
हेफर प्रोजेक्ट नेपाल मार्फत	बोका	२०	७८८२४५
हेफर प्रोजेक्ट नेपाल मार्फत	मौरी घार	१००	९४९६००
हेफर प्रोजेक्ट नेपाल मार्फत	प्लाष्टिक टनेल	१००	६९७५२०
हेफर प्रोजेक्ट नेपाल मार्फत	वाख्राको सुधारीयको खोर निर्माण	विभिन्न	७२००००
हेफर प्रोजेक्ट नेपाल मार्फत	कृषि उपकरण खरिद	विभिन्न सामान	३५८४६३०

हेफर प्रोजेक्ट नेपाल मार्फत अनुदान वितरण गरेकोमा कृषक तथा कृषक समुहहरुले अनुदानको सहि सदुपयोग गरे नगरेको वितरण अनुदान पश्चात कृषि उत्पादन तथा उत्पादकत्वमा परेको प्रभाव समेत उल्लेख गरी अनुगमन प्रतिवेदन गाउँपालिका कार्यलयमा पेश गर्नुपर्दछ।

५१ **पुजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष ३ शिर्षकबाट रु. ११ करोड ४२ लाख १६ हजार खर्च गरेकोमा रु. ४ करोड ९५ लाख अर्थात् ६० प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु १ करोड ५० लाख ,सोझै रु.८७ लाख, उपभोक्ता समितिबाट रु.४ करोड २० लाख २ हजारको खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

५२ **सम्भाव्यता अध्ययन तथा डि.पि.आर खर्च विवरण :**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष ३ वटा आयोजनाको सम्भव्यता अध्ययन तथा २ वटा परामर्श खरिद कार्यमा रु.४३ लाख ६० हजार खर्च गरेको छ।

कार्य विवरण	परामर्शदाता	लागत अनुमान	खर्च रकम	अध्ययनवाट निर्धारण भएको आयोजनाको लागत अनुमान	आयोजना कार्यान्वयनको अवस्था	कैफियत
झोलुङ्गे पुलहरुको निर्माण	अक्ष ईन्जिनियरिङ्ग सोलुशन प्रा.ली	८४८८८७	८३६२००	११४२८१४३८	कार्यान्वयनमा नगएको	कार्यपालिका बाट स्वीकृत नभएको
सडक यातायात गुरु योजना	सुभ बिहानी ईन्जिनियरिङ्ग कन्सल्टेन्सि प्रा.ली.	१४९९३२९	१४९००००	४५३८८१३३८	कार्यान्वयनमा नगएको	
सेरम खोला र गाजा खोला मोटरेवल पुल	श्री साथि भाई सर्वे प्रा.ली.	१२०२८२९	११९९९८९	९७५९१३७०	कार्यान्वयनमा नगएको	कार्यपालिका बाट स्वीकृत नभएको
संगठन तथा व्यवस्थापन सर्वेक्षण	ईन्भारोमेन्टल कन्जरभभेशन एण्ड सस्टेनेवल डेभलेपमेन्ट प्रा.ली	५०००००	४८९६२९	-	प्रकृयारत	
रोजगार रणनीति	निश्कर्ष रिसर्च प्रा.ली	३५००००	३४४६५०	-	प्रकृयारत	
स्वास्थ्य गुरु योजना	शोलुशन रिसर्च प्रा.ली.	६५००००	६४६९२५	३००००००	०८२।०८३ मा १ क बजेट विनियोजन भएको	

यसरी पालिकाले उल्लेखित कार्य गर्दा लागत अनुमान, आयोजनाको आवश्यकता, खरिदमा मितव्ययिता, जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता आयोजनाको सम्भव्यता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान दिनु पर्दछ।

५३ **कन्टिन्जेन्सी खर्चः**

५३.१ निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मर्मत तथा इन्धनमा रु.४४१४१ मसलन्दमा रु६५२३२७, भवन पार्टिशनमा रु ७८४४६२ र अन्य रु२२८१७४ समेत यस वर्ष रु१७ लाख ९ हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

विवरण	मसलन्द खरिद	मर्मत /ईन्धन	भवन पार्टिशन	अन्य	यस वर्षको जम्मा खर्च
कन्टिन्जेन्सी खर्च	६५२३२७	४४१४१	७८४४६२	२२८१७४	१७०९१०४

५३.२ महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु.९लाख २४ हजारसमेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

५३.३ कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे

बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५४ **ठेक्काको म्याद थपः**

५४.१ सार्वजनिक खरिद ऐन २०६३, को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ । सो अनुसार खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्नुपर्नेमा ऐनको उक्त व्यवस्था विपरित समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने व्यवस्थाहरु भए पनि ती व्यवस्थाको पालना गरेको छैन । सार्वजनिक खरिद नियमावली २०६४ को सातौ देखि १३ औं संसोधन गरी सम्झौता वाहेकका कारणहरु देखाइ एकमुष्ठ रुपले पटक पटक म्याद थप गरेको छ। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः धेरै पटक म्याद थप पनि गर्ने गरेको छ। तपसिलको ठेक्काको सम्झौता विपरीत पटक पटक म्याद थप गरेकोलेको ठेक्का सम्पन्न नभई ठेक्काहरुको म्याद बढ्दै जाँदा ठेक्काहरुको काम अधुरो रहेको छ। कार्यतालिका र सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यावसायी र सम्बन्धित पदाधिकारी लाई जिम्मेवार बनाउनु पर्दछ।

सिनं	ठेक्का नं	काम	निर्माण ब्यावसायी	ठेक्का अंक	भुक्तानी	सूरु अवधि	पटक	थप अवधि	प्रगति प्रतिशत
१	७-०७७/७८	पाँच शैया अस्पताल	ज्ञान ज्योति जलजला जे.भि	७२१४४६५२	५९२६६७२३	२०८०।८। १०	२	०८२।९। ३०	८२

५४.२ कार्यसम्पादन जमानतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०।(४) वमोजिम कार्य सम्पादन जमानतको म्याद निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढी अवधि म्याद भएको हुनुपर्ने व्यवस्था छ ।उल्लेखित ठेक्कामा सम्पन्न मिति २०८२।९।३० रहेकोमा निर्माण ब्यावसायीले पेश गरेको कार्य सम्पादन जमानत रु ८०६७७० को मान्य अविध २०८३। १०।३० सम्म हुनुपर्नेमा २०८३।४।३० सम्म मात्र रहेकोले सम्झौता तथा खरिद नियमावली वमोजिमको अवधि भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्दछ ।

५५ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गरी सोको आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो.भौ.नं. बाट बाटो मर्मत तथा खन्ने कार्यको लागि विभिन्न स्थानको फरक फरक लागत अनुमान तयार गरी सोको आधारमा ३ वटा निर्माण व्यवसायीबाट दररेट माग गरी लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरी भुक्तानी गरेको देखिएकोले आगामी दिनमा कार्य प्रकृति, कार्य क्षेत्र र लाभ लागत विश्लेषण गरी खरिद कार्यको सम्भावित प्याकेज तयार गरी मितव्ययी तवरले खरिद कानून अनुसार खरिद गर्नुपर्दछ ।

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	निर्माण ब्यावसायी/ सप्लायर्स	प्रक्रिया	लागत अनुमान	खर्च रकम रु
१	ठुलो बरबाङ-मालीगुङ-बर्गो मो.बा	जे.एस समृद्धि कन्सट्रक्सन	सोझै	८५६६३२	८५६१५७
	बाङनाङ गाउँ हुदै तम्घास बगरसम्म मो.बा		सोझै		
	सेनेदेखी बाङकोना सम्म शाखा मोटरबाटो		सोझै		
२	पोबाङ-उवाखोला-किम्लेघाट-मुगाधारा-बर्गो-सेरम मोटरबाटो मर्मत	त्रिपुरेश्वरी निर्माण सेवा प्रा.लि	सोझै	८८५०००	८१६८९१
३	जुरेखोला-मौलावन-बाहिरीगाम-भित्रिगाम-गोहाखोला-झेलिगुङ-मुइकाधारा-भुलुङचुङ-बासा-गाजा-खुर्सानीबारी बाहिरीगाम मोटरबाटो मर्मत	जस्मिन कन्स्ट्रक्सन	सोझै	९९६४९३	९३८८०८
	सालघारी-टङ्सलकुना-जुवाङ-बामरी-टासीबाङ-मेहलधारा-जेलबाङ मोटरबाटो मर्मत	केशव निर्माण सेवा	सोझै	९९९०००	९५४२०५
	सालघारी-कसला-राङुङ-पोबाङ-थनबाङ-बाच्छेम-फुलीवन मोटर मोटरबाटो मर्मत योजना	सुवर्णावती कन्स्ट्रक्सन प्रा.लि,	सोझै	७००२७७	६६८७८५
४	गाउँपालिकाभित्रका सडकहरुको मर्मत तथा सम्भार-स्युरीको सम्पूर्ण भूभाग सडक मर्मत योजना	डी.डी निर्माण सेवा, सुनिल्स्मृति-	सोझै	८६००००	८५३२०२
५	धुर्लुङ-रिजा-फगाम-दाङ्सीबाङ हुदै वडा नं.६ सम्पूर्ण मोटरबाटो मर्मत योजना	जलजला कन्स्ट्रक्सन प्रा.लि	सोझै	५७८०१३	५४५७१२
	सुनछहरी वडा नं. १ जोड्ने पोबाङ सेरम मोटरबाटो र सुनछहरी गाउँपालिका वडा नं. २ गोहाखोला झेलीगुङ गिच्याबासा मोटरबाटो ममर्त योजना	कुरेली निर्माण सेवा,	सोझै	२४००००	२३६३१३
	महानथान-थारकरी मोटरबाटो निर्माण क्रमागत	एस.एस.डि.ए कन्स्ट्रक्सन प्रा.लि	सोझै	९९९३३४	९५६४३३
६	जेल्बाङ स्वास्थ्य चौकी भवन निर्माण बाँकी काम क्रमागत योजना	जिनियस निर्माण सेवा	सोझै	८४९८९१	८०१७८०
७	क्यानाङ रिपुकोट मोटरबाटो निर्माण योजना	मेजेस्टिक इन्जिनियरिङ मल्टि सर्भिस प्रा.ली, भ	सोझै	७९९८५६	७६३८०३
८	मसलन्द खरिद	आकर्षण सप्लायर्स	सोझै	९३५०००	९२९७१५
९	मसलन्द खरिद	आयान ट्रेडर्स	सोझै	४३१०००	४२८०५९
	औषधि खरिद	सुविसु मेडिसिन सप्लायर्स	सोझै	नवनाएको	१०९९९७३
	औषधि खरिद	पाथिभरा मेडिसिन एण्ड सप्लायर्स	सोझै	नवनाएको	१०९४५७७
जम्मा				८७६४४९६	८३९२०८९

५६ उपभोक्ता समितिमार्फत कार्यः

५६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन

जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले यो बर्ष विभिन्न ८७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. २ करोड ५० लाख भुक्तानी गरेकोमा निम्न पाइयो ।

· गाँउपालिकाले उपभोक्ता समिती मार्फत गराएका कार्यमा हेभी इक्युप्मेन्ट एक्जाभेटर, डोजर, जस्ता मेशिनहरु प्रयोग गर्न नपाईने भएतापानी अधिकांश योजनामा प्रयोग गरेको पाईयो । यस्ता कार्यमा पालिकावाट नियन्त्रण हुनपर्दछ । ।

· उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।

· उपाध्यक्ष संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

· सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ।कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, निर्माण गर्ने जस्ता जटील संरचना समेत निमार्ण गरेको पाईयो । पालिकाले उपभोक्ता समितिको क्षमता अनुसारको कार्यमा मात्र सम्झौता गरी निर्माण गर्नुपर्दछ ।

५६.२ जटिल संरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । संघीय शसर्त पुँजिगतवाट खर्च भएका यससम्वन्धी केही उदाहरणहरु यसप्रकार रहेका छन ।

उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान	भुक्तानी रकम
जनज्योती माध्यामिक विद्यालय निर्माण उपभोक्ता समिति	४ कोठे आरसीसी भवन निर्माण	७१७१९६२	५४५०३३७
सिद्ध प्राथमिक विद्यालय निर्माण उपभोक्ता समिति	४ कोठे आरसीसी भवन निर्माण	७०००४१५	५५४७७१२
प्राथमिक विद्यालय डाँगधारा निर्माण उपभोक्ता समिति	४ कोठे आरसीसी भवन निर्माण	७४५५७३२	४८४२८८७

५७ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण :

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठीमीद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप न ११.१.२.२९८६ मा स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा स्थानीय तहले लागानी थप गर्नुपर्ने उल्लेख छ ।चालु विनियोजित रकमबाट नयाँ ४ कोठे भवन शौचालय सहित निर्माणका लागि रु ६० लाख बजेट विनियोजन गरेको छ ।प्राविधिकले तयार गरेको लागत अनुमानमा विद्यालय भवन निर्माण गर्न स्थानीय तह तथा विद्यालयले लागत

साझेदारी गर्नुपर्ने छ ।पालिकालाई संघीय हस्तान्तरित कार्यक्रमबाट स्थानीय तहको साझेदारीमा ३ वटा विद्यालयको भवन निर्माणको लागि रु. १ करोड ८० लाख अनुदान प्राप्त भएको छ ।पालिकाले विद्यालयको शौचालय सहितको भवन निर्माणको लागि चाहिने थप रकम आर्थिक वर्ष २०८१।८२ मा रकम विनियोजन गरी तोकिएको ड्राइङ्ग डिजाइन अनुसार शौचालय सहित ४ कोठे भवनको लागत अनुमान तयार गरी भवन निर्माण तोकियको समयमा निर्माण गर्नुपर्नेमा पालिकाले संघीय कार्यालयबाट प्राप्त बजेटबाट मात्र भवन निर्माणको लागत अनुमान तयार गरी उपभोक्ता समितिसंग सम्झौता गरेको छ । उपभोक्ता समितिबाट विद्यालयको भवन निर्माणको लागि सम्झौता गरेकोमा २ वटा भवन निर्माण सम्पन्न भएको र एउटा विद्यालयको भवन अधुरो रहेको छ ।स्थानीय तहले चालु आर्थिक वर्षमा बजेट विनियोजन गरी शौचालय सहितको साझेदारीमा भवन निर्माण गर्नुपर्नेमा थप बजेट विनियोजन नगरेकोले १ वटा भवन र ३ वटा शौचालय निर्माण कार्य अधुरो रहेको छ । पालिकाले आगामी वर्षमा कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार विद्यालय भवन निर्माणको लागि थप बजेट विनियोजन गरी स्थानीयको साझेदारीमा भवन निर्माण गर्नुपर्दछ।

कामको विवरण	विद्यालयको नाम	संघीय अनुदान	स्थानी तहबाट	भवन निर्माण अवस्था	खर्च रकम
भवन निर्माण	देवी मन्दिर मा.वि.	६० लाख	०	सम्पन्न	५४५०३३७
भवन निर्माण	सिद्ध प्रा.वि. झिन्जा	६० लाख	०	सम्पन्न	५५४७७१२
भवन निर्माण	डाँगधारा प्रा वि	६० लाख	०	अधुरो	४८४२८८७

५८ **स्थानीय पुर्वाधार सहयोग कार्यक्रम :**

५८.१ नेपाल सरकार र बेलायत सरकारको सहकार्यमा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम लागु हुने स्थानीय तहमा स्थानीय पुर्वाधार सेवालाइ व्यवस्थित दिगो तथा जलावायु मैत्री बनाउनुका साथै जोखिममा परेका महिला, दलित, जनजाती तथा विपन्न समुदायलाई स्थानीय स्तरमा आधारित रोजगार सृजना गर्ने गरी कार्यक्रम संचालन गर्न स्वीकृत स्थानीय पुर्वाधार सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८१ बमोजिम स्थानीय पुर्वाधार सहयोग कार्यक्रम LISP को ८० प्रतिशत रु. १८८५७०००।गाउँपालिकाको सह लगानी २० प्रतिशत रु. ४८०००००।समेत रु.२३६५७०००।पालिकाले ४ वटा ग्रामीण सडक पुन:स्थापना योजनामा बजेट विनियोजन गरेको उक्त योजनामा निर्माण कार्य गरी रु. १४६५११९८६।खर्च गरेकोमा निम्न वेहोरा देखियो :

५८.२ माटो तथा चट्टान खन्ने कार्य : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले स्थानीय पुर्वाधार कार्यक्रम अन्तर्गत ग्रामीण सडक पुन:स्थापना योजनामा Back cutting माटो खन्ने लगायत अन्य कार्य गरी निम्न योजनाहरुको निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा साधारण माटो, साधारण चट्टान र कडा चट्टान को औषत मुल्य तयार गरी खर्च लेखेकोमा cross sectional drawing नक्सा तयार नगरी भुक्तानी दिएकोले माटो तथा चट्टानको परीमाण यकिन नहुने हुदा cross sectional drawing विना भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु

आयोजनाको नाम	कामको विवरण	परिमाण	दर	भुक्तानी रकम
वासादुङ देखि थानबाङ सम्म सडक	Roadway excavations soil and rocks	७१८५ घनमिटर	२७७	१९९०३८४
खुर्सानीबारी गजा बाहिरीगाम सम्म	Roadway excavations soil and rocks	६१७६ घनमिटर	४००	२४७०५१०
जम्मा (मुअकर समेत)				४४६०८९४

अनियमित भएको	४४,६०,८९४

५९ **पेश्की बाँकीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१०** को निर्णयले रू **७६६,०६२**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुनछहरी गाउँपालिका, रोल्पा , सुन्छहरी गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Lalsing Khadka	२०७९-४-२४	२०८१-६-११
कार्यालय प्रमुख	Prem Bahadur Gharti	२०८१-६-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	Manish Sunar	२०८१-६-२०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२०५,९५१	६,०९३,८४९	१,८०७,४५२	०	०	७६६,०६२
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	८,८७३,३१४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	२,३३६,५०५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६,५३६,८०९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३४४५१९९३.२४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२६९१५९८४६.१२	**चालु खर्च**	२४४१३५८८४.६४
प्रदेश सरकारबाट अनुदान	२३४२४५०८	**पूँजीगत खर्च**	११४२१६२६१
राजश्व बाँडफाँट	८८०९२९३९.३८	**वित्तीय/अन्य व्यवस्था**	१६४८११३७२.२१
आन्तरिक आय	६४१२६१३.७४		
अन्य आय	१४१४८४३७८.६८		
कुल आय	५२८५७४२८५.९२	**कुल खर्च**	५२३१६३५१७.८५
बाँकी मौज्दात		३९८६२७६१.३१	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		९,०८,३०,१८९.००	०	९,०८,३०,१८९.००
१३०००	अनुदान		२६,५३,०८,७८५.८८	०	२६,५३,०८,७८५.८८
१४०००	अन्य राजस्व		३९,८५,८१८.२४	०	३९,८५,८१८.२४
१५०००	विविध प्राप्ति		४,२५,७८२.००	०	४,२५,७८२.००
क	कुल जम्मा प्राप्ति		३६,०५,५०,५७५.१२		३६,०५,५०,५७५.१२
३	चालु		२४,४१,३५,८८४.६४	०	२४,४१,३५,८८४.६४
२१०००	पारिश्रमिक / सुविधा		९,१०,५६,५७४.३४	०	९,१०,५६,५७४.३४
२२०००	मालसामान तथा सेवाको उपयोग		१४,४८,२२,६१८.३०	०	१४,४८,२२,६१८.३०
२५०००	सहायता (Subsidy)		०	०	०
२७०००	सामाजिक सुरक्षा		६४,४१,७६४.००	०	६४,४१,७६४.००
२८०००	अन्य खर्च		१८,१४,९२८.००	०	१८,१४,९२८.००
४	पुँजीगत		११,४२,१६,२६१.००	०	११,४२,१६,२६१.००
३१११०	भवन तथा संरचना		५,२४,६३,३८६.००	०	५,२४,६३,३८६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५६,७२,४९३.००	०	५६,७२,४९३.००
३११३०	अन्य पुँजीगत		३७,२२,८०९.००	०	३७,२२,८०९.००

	खर्च				
३११४०	सुरक्षा उपकरण		३२,४१७.००	०	३२,४१७.००
३११५०	सार्वजनिक निर्माण		४,९६,२०,२२८.००	०	४,९६,२०,२२८.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		२०,०००.००	०	२०,०००.००
३११७०	पूँजीगत सुधार खर्च		२६,८४,९२८.००	०	२६,८४,९२८.००
ख)	कुल जम्मा भुक्तानी		३५,८३,५२,१४५.६४		३५,८३,५२,१४५.६४
ग)	बचत /कमी (ग = क-ख)		२१,९८,४२९.४८		२१,९८,४२९.४८
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		८१,५१,०८६.७३		८१,५१,०८६.७३
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,०३,४९,५१६.२१		१,०३,४९,५१६.२१
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,९५,१३,२४५.१०		२,९५,१३,२४५.१०
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा		३,९८,६२,७६१.३१		३,९८,६२,७६१.३१

	बैंक मौज्दात (ज= ङ+च+छ)					

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदन नदिने तथा दिए पनि प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।